# ७. पवित्रता र परमेश्वरको आगोको ज्बालाको स्पर्ष

क. मुख्य पदहरु

| | |
|---|---|
| १पत्रस १:१५-१६ | २थेस्सलोनिकी २:१३ |
| लेवी ११:४४-४५ | मत्ती ३:११-१२ |
| एफिसी १:४ | २कोरिन्थी ३:७-१८ |
| १थेस्स ४:३-८ | २कोरिन्थी ७:१ |
| हिब्रु १२:२८-२९ | लूका १२:४९ |

ख. परमेश्वर पवित्र हुनुहुन्छ

सर्वप्रथम त त्रिएक परमेश्वरको एक अंश हामीभित्र वास गर्नुहुने पवित्र आत्माले हामीलाई यस सम्बन्धमा प्रकाश पार्नुभएको छ (यूहन्ना १४:१५-१७) र दोश्रोमा धर्मशास्त्रले (प्रस्थान ३:५; लेवी २०:२६; यशैया ६:३; १ पत्रस १:१६; प्रकाश ४:८). वास्तवमा परमेश्वरको गुणहरुमध्ये प्रेमभन्दा पनि बढी उहाँको पवित्रताका बारेमा बाइबलमा उल्लेख भएको छ.

पवित्रताको अर्थ "अर्कै वा छुट्टै" हो. यो सबै अशुद्ध र त्रुटिपूर्ण कुराहरुदेखि अलग्गिनु हो. परमेश्वर पवित्र हुनुहुन्छ. उहाँ सिद्ध, शुद्ध, दागरहित, श्रेष्ठ र सबै आराधना, प्रशंसायोग्य र आदरणीय हुनुहुन्छ. आदर र कम्पसाथ हामी उहाँसँग भेट गर्नुपर्छ. पवित्र परमेश्वर जब आफूलाई प्रकट गर्नुहुन्छ त्यो हामी उहाँको "महिमा" का रुपमा देख्छौं (प्रस्थान १४:१६-१७; यूहन्ना १:१४).

ग. परमेश्वर हामीले पवित्र जीवन बिताएको चाहनुहुन्छ

हामी येशूका चेलाहरु परमेश्वरमा समर्पित भएका र संसारदेखि छुट्ट्याइएका हौं भन्ने कुरा अरु मानिसहरुले थाहा पाउने गरी हामीले जिउनुपर्छ (एफिसी १:४; १पत्रस १:१५-१६). हामी परमेश्वरका सन्तानहरु हौं (रोमी ८:१५). त्यसकारण हामी उहाँको सन्तानको एक हिस्सा हौं. यसैले गर्दा पवित्रता जस्तो पारिवारिक चरित्रलाई हामीले आफ्नो जीवनबाट देखाउनुपर्छ (हिब्रू १२:१०; १पत्रस १:१४).

येशूको बलिदानद्वारा हामीलाई पवित्र बनाउन परमेश्वर प्रतिबद्ध हुनुहुन्छ (कलस्सी १:२२; एफिसी १:४). येशूको चाल अनुसार चल्ने हाम्रो जिम्मेवारी छ (१यूहन्ना २:६). परमेश्वरको आज्ञा पालन गर्न (व्यवस्था २६:१६-१९) र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर (एफिसी ४:२४). त्यसो भयो भने परमेश्वरसित अनन्तसम्म बस्नको निम्ति उहाँले हामीलाई पवित्र भाँडो बनाउन सक्नुहुन्छ (हिब्रू १२:१४; प्रकाश २१:२७).

घ. शुद्धिकरण के हो ?

यसको अर्थ "पवित्र बनाउनु" हो. दुष्ट कुराहरु र तरीकाहरुबाट हामीलाई परमेश्वरको निम्ति छुट्टयाइनु हो. येशूमा गरेको विश्वासले हामीलाई परमेश्वरसितको सम्बन्धमा प्रवेश गराउंछ (प्रेरित २६:१८; १कोरिन्थी ६:११). यही प्रक्रियाद्वारा सबै आनी-बानीमा हामी येशूजस्तै हुन्छौं (१पत्रस १:१५-१६) अर्थात उहाँको स्वरुपमा परिवर्तन हुँदै ख्रीष्टमा हामी बढनथाल्छौं (एफिसी ४:१५; २कोरिन्थी ३:१८). यसरी क्रमिक रुपले हामी चरित्रमा परमेश्वर समान हुन शुरु गर्छौं (एफिसी ५:१).

ङ. हाम्रो शुद्धिकरणमा त्रिएक परमेश्वरका सबै व्यक्तित्वहरु संलग्न छन

- परमेश्वर पिता (१थेस्स ५:२३-२४; यूहन्ना १७:१७)
- परमेश्वर पुत्र (१कोरिन्थी १:३०; एफिसी ५:२६)
- परमेश्वर पवित्र आत्मा (२थेस्स २:१३; रोमी १५:१६; १कोरिन्थी ६:११; १पत्रस १:२)

च. हाम्रो शुद्धिकरण कसरी हुन्छ ?

- येशूमा (१कोरिन्थी १:२)
- येशूको शुद्धिकरणको कामद्वारा (यूहन्ना १७:१९)
- येशूको रगतद्वारा (हिब्रु १३:१२)
- येशूमा गरेको विश्वासद्वारा (प्रेरित २६:१८)
- प्रभु येशूले हाम्रो हृदय मजबुत तुल्याएर (१ थेस्स ३:१३)
- येशूको शरीरको बलिदानद्वारा (हिब्रु १०:१०)
- सत्यतामा (परमेश्वरको वचन सत्य हो) (यूहन्ना १७:१७)
- परमेश्वर र धार्मिकताको दास बनेर (रोमी ६:१९, २२)

- पवित्र आत्मामा आगोको बप्तिश्माद्वारा (मत्ती ३:११-१२)
- पवित्रताको जीवन जिउने हरसम्भव प्रयत्न गरेर (हिब्रु १२:१४)
- परमेश्वरको अनुशासनबाट (हिब्रु १२:१०)
- प्रभुको आत्मामा प्रभुको महिमा हेरेर (२कोरिन्थी ३:१८)

जब हामी परमेश्वरको महिमा देख्छौं त्यतिबेला पवित्र परमेश्वरले आफ्नो स्वभाव देखाइरहनु भएको हुन्छ. उहाँको महिमाको दर्शनले हामीलाई क्रमिक रुपमा परमेश्वरको स्वरुपमा परिवर्तन गर्छ. यसरी उहाँको महिमाको वृद्धि हामीमा हुनथाल्छ. हाम्रो पवित्र परमेश्वरको तुलनामा वास्तवमा हामी को हौं भनेर चाल पाउनु नै यसको प्रमुख कारण हो. त्यसपछि हामी आफूमा परिवर्तनको चाहना गर्नेछौं. परिवर्तनको निम्ति आवश्यक हाम्रो जीवनको अनेक पक्षलाई त्यसको निम्ति परमेश्वरमा सुम्प्यौं भने उहाँले यो सम्भव तुल्याउनु हुनेछ. उहाँको स्वरुपमा हामी क्रमिकतामा परिवर्तन हुनेछौं. पवित्र हुने प्रक्रिया हामीले उहाँको महिमाको दर्शन गरेपछि आरम्भ हुनेछ (२कोरिन्थी ३:७-१८; यशैया ६:१-८).

## छ. परमेश्वरसितको जम्काभेट

परमेश्वरको पवित्रताको प्रकाश बारे यशैयाले दिएको सामर्थी गवाही भन्दा अर्को व्यक्तिको जीवन तथा अनुभवमा प्रभाव पार्नसक्ने साक्षी अर्को छैन (यशैया ६:१-८). अगमवक्ताको त्यो वाणीले धेरै कम्तीले थाहा पाएको अनुभवलाई चित्रित गरेको छ. यो अति गहन, प्रचुर, शक्तिशाली तथा जीवनको सबै पक्षमा चुनौतीपूर्ण छ. यस्तो हुनु भनेको परमेश्वरको आगोको ज्वालाले स्पर्श गर्नु हो, सर्वशक्तिशाली परमेश्वरको चकाचौंधपूर्ण महिमाको भस्म पार्ने शक्तिदेखि उम्केको अनुभव गर्नु हो. यो अनुभवमा धेरै गहिराई छ र हाम्रो हृदयमा यसलाई आत्मसात गर्नुपर्ने गहन आवश्यकता छ.

हामी पुरुषहरु र स्त्रीहरु परमेश्वरको अनुभव र (बौद्धिक) समझ को गहिराईमा प्रवेश गरेको उहाँ इच्छा गर्नुहुन्छ जुन हामीमध्ये धेरै कमले मात्र अनुभव गर्न सकेका छन्. परमेश्वरको यो पवित्रता, शक्तिको गहिराई आदिको अनुभव आफ्नो हृदय खोलेर उहाँलाई खोज्ने प्रत्येक विश्वासीहरुका निम्ति हो. हामीलाई परमेश्वरको हृदयसम्मै पुग्नु खाँचो छ. उहाँको हृदयको स्वच्छता, उहाँको हृदयमा भएको प्रेम, उहाँको हृदयमा व्याप्त इर्ष्या

(मानव अनुभवमा देखिने स-साना इर्ष्या होइन तर इश्वरीय इर्ष्या), त्यो इर्ष्या जस्मा परमेश्वरको पवित्रता, धार्मिकता, न्याय र प्रेम अनि ती कुराहरु उहाँको स्वभावको मुख्य बिन्दु भएको हामीले देख्नुपर्दछ. उहाँको मुटुको ढुकढुकीको तालमा हाम्रो पनि मुटु चल्न सकोस्. उहाँको हृदयको लम्बाई, चौडाई आदि नापको ज्ञान हामीलाई हुनुपर्दछ. त्यसरी हामी हृदयका स-साना (संकिर्ण, तुच्छ तथा फट्यांग्रे जीवन जिउनबाट) स्त्री र पुरुषहरु हुनबाट छुटकारा पाउनेछौं. हराएका आत्माहरुको निम्ति उहाँको हृदयमा भएको जोश र समझलाई हामी पनि सोही रुपमा अनुभव गर्नुपर्छ.

ज. भस्म पार्ने ज्वाला

परमेश्वरको आगोको बारेमा हामीले जान्नुपर्दछ (हिब्रु १२:२९). उहाँको आगोको सामना गर्दा यशैयाले झण्डै आफ्नो प्राण गुमाएका थिए. परमेश्वरको दर्शनमा उनी खारिएका थिए. परमेश्वरको वास्तविकता र उहाँको सम्पूर्ण विश्मयकारी शक्तिले अगमवक्तालाई झण्डै खतम पारेको थियो र यो उनको गहन अन्तरंग अनुभव साबित भएको थियो. उसमा भएको फोहर मैलालाई यसले जलाएको थियो. परमेश्वरको स्वर्गदूतको खार्ने स्पर्शले मात्र उसलाई बचाएको थियो. दूतले स्पर्श नगरेको भए उसको जीवन समाप्त हुनेथियो. अब हाम्रो टेक्ने र समाउने ठाउँ कुनै सहारा बाँकी छैन भन्ने ज्ञानमा हामी आइपुग्नु पर्दछ. परमेश्वरको अनुग्रह र कृपा बेगर हामी मृत अवस्थामा पुग्नेछौं भन्ने स्वीकारोक्तिमा आइपुग्नु आवश्यक छ. वर्तमान अनुभवहरुको थुप्रै समस्या हामी आफैंले उत्पन्न गरेका हौं. यसले हामीलाई महत्वहीन अनि आत्मकेन्द्रित बनाउंछ. हामीमध्ये धेरै सेवकाईका सेवकाई पछि दौडनु र हाम्रा सम्भावित बन्धनहरु, खांचोहरु हुनु वास्तवमा हामीले परमेश्वरको आगोको स्पर्श कहिल्यै नपाउनाले गर्दा हो. उहाँको आगोको स्पर्श पाएकाहरुबाट बन्धनहरु स्वत: फुस्केका छन्.

साँचो परिवर्तनमा यही कुरा संलग्न भएको हुन्छ. केवल सतही वा हल्का रीति रीवाजद्वारा हामी ख्रीष्टलाई हाम्रो हृदय सुम्पन्छौं तर उहाँको सामर्थ्य र पवित्रताको सानो अंश पनि हामीले अनुभव गरेका हुँदैनौ. परमेश्वरको पवित्रताको यो दृश्यले पुरानो जीवनमा भएका सबै कुराहरुलाई चुनौती दिंदै तिनीहरुलाई परमेश्वरको उपस्थितिको दन्किएको आगोको भट्टीमा भस्म पार्छ. मानव-केन्द्रित र समस्या-प्रेरित धर्म जहाँ अहिले हामी खसेका छौं यसबाट हामीलाई अरु कुनैपनि कुराले उद्धार गर्न सक्दैन. हामीलाई

परमेश्वरको हृदयसम्म डोऱ्याउन पवित्र आत्मा आउनु भएको छ. त्यहाँ हाम्रो जन्म हुन्छ. आत्माद्वारा हामीले येशूमा परमेश्वरको दर्शन पाउनु परेको छ. त्यसपछि हामी यसरी सम्पूर्ण परिवर्तन हुन्छौं कि पुरानो जीवनबाट त्यसका शक्ति र आकर्षण बिल्कुल समाप्त भएको हुन्छ.

झ. आगोको बप्तिश्मा

पवित्र आत्माद्वारा हामीले आगोको बप्तिश्मा पाउनुपर्छ (मत्ती ३:११-१२). यो परमेश्वरको सत्यता, पवित्रता र सामर्थ्यसित जम्काभेट हुनु हो. हामी आफ्नै मनले परमेश्वरतिर फर्केर उहाँको खोजी गर्न समर्थ छैनौ (रोमी ३:११). पवित्र आत्माले हामीभित्र त्यस्तो उत्तेजना पैदा गर्नुहुन्छ. जब उहाँले हामीलाई आगोद्वारा बप्तिश्मा दिनुहुन्छ हाम्रो हृदयमा त्यस्तो आगो दन्कनुपर्दछ. यो आगोबाट हामी भस्म हुनुको सट्टा हामीमा आगो लाग्नुपर्छ. यो आगोले हामीलाई खार्छ र शुद्ध पार्छ. सबै मैला र अधार्मिकता हाम्रो जीवनबाट उक्त आगोले हटाएर परमेश्वरले चाहनुभएजस्तै हामीलाई छोडिदिन्छ. हामीले सर्वप्रथम पवित्र आत्माको बप्तिश्मा पाउंदाखेरि नै आगोको बप्तिश्मा पाउने कार्य पनि भैसकेको हुनुपर्छ. तथापि आत्माको बप्तिश्मा पाउंदा हामीले परमेश्वरलाई हाम्रो जीवन खार्ने कार्य गर्नदिएनौं. त्यसैकारण धेरै मानिसहरुको जीवन परिवर्तन भएको छैन र तिनीहरु बप्तिश्मा पाएपछि सामर्थी र फलदायी हुनुको सट्टा अझैपनि ती अप्रभावकारी नै छन्. परमेश्वरमा हामीले हाम्रो जीवन नयाँगरी सुम्पनुपर्छ. हामीले उहाँसित फेरि भेट गर्नुपर्छ र यसरी परमेश्वरले पवित्र आत्मा हाम्रो जीवनमा पठाएर हृदयमा आगोको ज्वाला दन्काउदै उहाँले जीवनलाई शुद्ध पार्नुहुन्छ.

ञ. आगोको ज्वाला

पेन्तिकोसको दिनमा पवित्र आत्मा आगोको जिब्रोको रुपमा देखापर्नुभयो. पवित्र परमेश्वरको यो सामर्थी प्रष्फुटिकरण थियो. यसले चेलाहरुलाई तयार पारेर हराइरहेको संसारमा पठाउने काम गऱ्यो. त्यो क्षणमा येशूको जीवन र कार्यद्वारा प्रकट भएका सबै रहस्यहरु आफ्नै निम्ति पनि तिनीहरुले बुझ्नसके जुन कुरा वास्तवमा तिनीहरुले पहिला कहिल्यै यसको सुइंकोसम्म पाएका थिएनन्. सामर्थ्य, पवित्रता र सत्यको आत्मा चेलाहरुको हृदयमा बास गर्न आउनु भएको थियो. डरबाट तिनीहरुलाई छुटकारा दिएर

परमेश्वरको निम्ति यसले तिनीहरुमा तीव्र उत्साह जगायो (लूका १२:४९). हामी सबैको हृदयमा परमेश्वर त्यस प्रकारको आगो हालिदिन इच्छा गर्नुहुन्छ.

ट. यस प्रकारले परमेश्वरलाई प्राप्त गर्ने पाँच तरीकाहरु

- **परमेश्वरको** निम्ति तिर्खाउनुस (यर्मिया २९:१३)
- तपाईंको जीवनमा परमेश्वर जे पूरा गर्न चाहनुहुन्छ त्यसको निम्ति आफूलाई तयार पारिराख्नुहोस्. केही पनि नलुकाउनुस. आफू सम्पूर्णत उहाँमा अर्पित हुनुहोस्.
- पवित्र आत्मालाई आगोको रुपमा तपाईंमा आउनदिनुहोस र यसरी परमेश्वरले तपाईंको जीवनमा नचाहनुभएका कुरालाई उहाँले नष्ट गर्नसक्नुहुन्छ.
- पहिलोपल्ट वा नयाँगरी भएपनि पवित्र आत्माद्वारा भरिन परमेश्वरलाई तपाईंको जीवनमा ठाउँ दिनुहोस (लूका ११:१३; यूहन्ना ७:३७-३९).
- परमेश्वरमा आज्ञाकारी र खुल्ला हृदयको हुनुहोस्. जब तपाईं यसरी परमेश्वरसित भेट गर्नुहुन्छ र पवित्र आत्माले तपाईं भरिनुहुन्छ येशूको चेलाहरु जस्तै अब तपाईं पनि जिम्मेवार हुनुहुन्छ. जगतको अन्तसम्मै तपाईं अब परमेश्वरको साक्षी बन्नुपर्छ. पछाडि नहटनुस तर उहाँले तपाईंलाई अह्राउनु भए मुताबिक परमेश्वरमा अगाडि बढ्नुहोस्.

5. अन्तमा

परमेश्वरलाई हामी केवल चिसो मनले खोजी गरिरहेका छैनौ. हाम्रो सम्पूर्ण हृदयदेखि उहाँको खोजी गर्ने बानी हामीमा छैन. परमेश्वरले नै पवित्र आत्माद्वारा हामीभित्र हलचल मच्चाइदिनुहुन्छ. यसलाई परमेश्वरबाट नै हो भनेर हामी प्रायश: चिन्दैनौ तापनि हामीभित्र उहाँ काम गरिरहनु भएको हुन्छ. हाम्रो हृदयमा उहाँले इश्वरीय असन्तुष्टी उत्पन्न गर्नुहुन्छ. त्यसलाई हामीले चिन्नुपर्छ, परमेश्वरको ठूलो अंशको हामीले चाहना गर्नुपर्छ र उहाँजस्तै हुन हामीमा परिवर्तन ल्याउनुपर्छ. हाम्रो आत्मसन्तोषबाट हामीलाई जगाउन परमेश्वरले धेरै माध्यमहरुलाई उपयोग गर्नुहुन्छ. उहाँले कसरी पाइला चाल्नुहुन्छ सो जान्न असम्भव छ. उहाँ तपाईंलाई चिन्नुहुन्छ र कसरी तपाईंलाई चलाउने हो सो पनि उहाँलाई थाहा छ. तपाईंको असन्तुष्टीबाट जगाउन केही पनि गर्न उहाँ

तयार हुनुहुन्छ र यसमा तपाईं अगाडि बढेको चाहनुहुन्छ. परमेश्वरले हामीमाथि जबर्जस्ती गर्नुहुन्न तरपनि उहाँका उत्प्रेरणाहरुमा हामी समर्पण हुनुपर्छ.

केही मात्रामा भएपनि आत्माले भरिएका धेरै क्रिश्चियनहरु पवित्र आत्माद्वारा आगोको बप्तिश्मा पाएका छन्. परमेश्वरको आगोले तिनीहरुलाई स्पर्श गरेको र त्यसरी आफ्नो हृदयमा आगोका झिल्का भएको तिनीहरुलाई ज्ञान छ. तर धेरैको हृदयमा यो आगो निभिसकेको छ. यो आगोलाई सल्काउन बा हृदयमा फेरि उकुसमुकुस पारिदिन हामीले परमेश्वरको निम्ति बाटो खोलिदिनुपर्छ. त्यसपछि हामीले यसमा मट्टितेल खन्याएर आगो दन्काउनुपर्छ. अनि परमेश्वरले हाम्रो जीवनमा भएको फोहर मैला भस्म पार्दै हामीलाई खार्नुहुन्छ. यसबाट हामी येशूको स्वरुपमा बढ्दै प्रभावकारी तरीकाले उहाँको सेवा गर्न सक्नेछौं.

अरु क्रिश्चियनहरुले परमेश्वरको आगोलाई तिनीहरुको जीवनमा थाहा गरेका छैनन्. तिनीहरुले परमेश्वरसँग आफूलाई पवित्र आत्मा र आगोले बप्तिश्मा प्रदान गर्न निवेदन गर्नुपर्छ. पवित्र आत्मालाई आफ्नो जीवनमा आउन दिएर तिनीहरुलाई खार्दै शुद्धयाएर परमेश्वरको निम्ति तिनीहरुको जीवनमा उहाँको लागि आगो सल्काउन दिनुपर्छ. यदि हाम्रो हृदयमा परमेश्वरको आगो दन्किरहेको छ भने हामी जहाँसुकै गएपनि उहाँको निम्ति हामी आगो दन्काउने छौं. येशू र उहाँका चेलाहरु यस्तै हुनुहुन्थ्यो. आजका दिनहरुमा हामी पनि यस्तै हुनुपर्छ. अरु आगोले जंगल सखाप पारेजस्तै हाम्रो हृदयमा भएको आगोले ध्वंसात्मक काम गर्दैन. परमेश्वरको आगोले केही कुरा जलाएमा उहाँले त्यहाँ खरानी छोडनुहुन्न. उहाँको निम्ति केही हुन परमेश्वरले हाम्रो सृष्टि गर्नुभएको छ. संसारको सृष्टि हुनु अघिदेखि उहाँले हामीलाई जान्नुहुन्छ. हामी कस्ता हुनेछौं सो उहाँलाई थाहा थियो र हाम्रो जीवनका सबै दिनहरुका निम्ति उहाँले एउटा योजना तर्जुमा गर्नुभएको छ (भजन १३९:१३-१६). उहाँको आगो हामीमाथि आएपछि यसले सुनको ढिक्कालाई जस्तै हामीलाई खारेर शुद्ध पार्छ. त्यसपछि फोहर मैला, अधार्मिकता र जीवनमा हामीलाई परमेश्वरको परिपक्वतामा बढ्न बाधा दिने कुराहरु सतहमा उत्रन्छन. ती कुराहरुलाई हामीले परमेश्वरलाई सुम्पिदिनुपर्छ र उहाँले तिनीहरुलाई हाम्रो जीवनबाट हटाइदिनुहुन्छ. यो प्रक्रियामा समय लाग्छ तर अन्तमा हामी दागरहित,

नखुम्चिएको र दोषरहित हुनेछौं (एफिसी ५:२७). यसरी हामी परमेश्वरले चाहनुभएजस्तै हुनेछौं

पवित्र आत्माबाट हामीले आगोको बप्तिश्मा पाएको बेलामा हाम्रो आत्मामा आगो सल्कन शुरु हुन्छ. त्यतिबेला परमेश्वरको वचनको पंखाले हम्केर यो आगोलाई प्रज्वलित पार्नुपर्छ, वचनमा आज्ञाकारी भएर उहाँसितको सम्बन्धलाई प्रगाढ तुल्याउनुपर्छ. परमेश्वरले त्यो आगो प्राणसँग सम्वन्धित मन, इच्छा र भावनाहरुलाई तताउनमा प्रयोग गर्नुहुन्छ. त्यो क्षेत्रलाई खारिसकेपछि हामीलाई सदैव शुद्ध पारिराख्न उक्त ज्वालाको वास त्यहीं हुन्छ. त्यो आगोको ज्वालालाई ननिभाइकन प्रज्वलित पारिराख्नुपर्छ. पुरानो कुरामा फर्किने र हाम्रो जीवनमा खराव तथा अधार्मिक तत्वहरुलाई हामीले प्रवेश गर्न दिनुहुँदैन (गलाती ५:१६-२६; कलस्सी ३:१-१०; फिलिप्पी ४:८). हामीले आफ्नो जीवन परमेश्वरमा सुम्पनुपर्छ र यसरी हामी उहाँको इच्छा मुताबिक परिणत नहोउन्जेल क्रमिक रुपमा उहाँले हामीलाई खारिराख्नुहुन्छ. यसो गर्न उहाँले परिस्थितिहरु, मानिसहरु, दुःख, परीक्षा तथा दवावको सिर्जना गर्नुहुन्छ. त्यसपछि हाम्रो सम्पूर्ण जीवनमा पवित्र आत्मा र उहाँको आगोको उपस्थितिले भर्नेछ.

हाम्रो जीवनभित्र परमेश्वरको आगो छ भने हामीले अन्य मानिसहरुलाई भेट्दा त्यो आगोले तिनीहरुलाई पनि स्पर्श गर्नेछ. येशू आफ्नो सेवकाईको समयमा त्यसैगरी जिउनुभयो. येशूमा मानिसहरु परमेश्वरको छाप देख्नसक्थे. तिनीहरुले उहाँलाई छुंदा परमेश्वर स्वयंले आफूहरुलाई छोएको अनुभव गर्थे.

परमेश्वरको पवित्र आत्मा र आगोलाई हामीभित्र रहन र हामीलाई खार्न हामीले मन्जुरी जनाउनुपर्छ. यसलाई हावा लाग्न दिएर प्रज्वलित पार्नुपर्छ. त्यसपछि हामी जोसुकैसित भेट हुंदा तिनीहरु पनि उक्त आगोको स्पर्शमा आएर तिनीहरुको जीवन परिवर्तन हुन्छ (१थेस्सलोनिकी ५:१९).

## ड. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के तपाई पवित्र परमेश्वरलाई चिन्नुहुन्छ ? छलफल गर्नुहोस्.

२. तपाईं कस्तो किसिमको मानिस हुनुपर्ने हो ? (२पत्रस ३:११).

३. २तिमोथी १:८-१० अनुसार ख्रीष्टमा हाम्रो बोलावट कुन प्रकारको हो ?
४. पावलले २कोरिन्थी १:१२ मा भनेजस्तै संसारमा विशेषगरी सँगी विश्वासीहरुसितको सम्बन्धमा परमेश्वरबाट उत्पन्न इमान्दारी र पवित्रतामा व्यवहार गर्नु भएको कुरा तपाईंको विवेकले समर्थन गर्नसक्छ ?
५. पवित्र आत्मामा बप्तिश्मा पाएका धेरै मानिसहरुको जीवन किन साह्रै हल्का, अप्रभावकारी र कुनै फल नफलाएको देखिन्छ ? यो त येशू र शुरुका चेलाहरुको तुलनामा बिल्कुल उल्टो देखिन्छ किनभने तिनीहरुले त्यसवेलाको संसारमा खैलाबैला मच्चाएका थिए. यसबारेमा छलफल गर्नुहोस्.
६. पवित्र आत्मामा आगोद्वारा बप्तिश्मा पाउनुको अन्तिम परिणाम के हुन्छ ?
७. तिमोथीले गरेजस्तै तपाईंले पनि आफ्नो जीवनको कुनै कुरालाई प्रज्वलित पार्ने दरकार छ कि ? (२तिमोथी १:६)
८. के तपाईंको जीवनमा पवित्र आत्माको आगो छ र यसबारे तपाईंलाई केही ज्ञान छ कि ?
९. तपाईंको जीवनका सबै पक्षहरुमा पवित्र आत्माको पहुंच छ कि छैन ? पहुंच छ भने परमेश्वरले जस्तो चाहनुहुन्छ उहाँले तपाईंलाई त्यस्तै बनाउनुहुन्छ.
१०. यशैयाको जस्तै तपाईंको पनि परमेश्वरसित आमना-सामना हुनु आवश्यक छ कि ? (यशैया ६:१-८).

## ढ. सारांश र प्रयोग

१. हाम्रो परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ.
२. उहाँको महानता जस्तै उहाँको कृपा पनि छ.
३. हामीले उहाँमा समर्पित पवित्र जीवन जिएको परमेश्वर चाहनुहुन्छ. यो अधार्मिक तथा दुष्ट संसारमा हामी उहाँको राजदूत भएको इच्छा गर्नुहुन्छ.
४. हामीलाई पवित्रता प्राप्त गराउनमा उहाँ प्रतिबद्ध हुनुहुन्छ.
५. हामी येशूको चेला भएकोले शरीर र आत्माका सबै अपवित्रता र अश्लिलताहरुदेखि हामी शुद्ध हुनुपर्छ. परमेश्वरको भयमा आत्माको पवित्रतालाई सिद्धतामा पुर्‍याउनुपर्छ (२कोरिन्थी ७:१).

६. परमेश्वरले आफ्नो पुत्र येशूलाई उहाँको काम समाप्त गर्न पठाउनु भएकोले हाम्रो शुद्धिकरण सम्भव भएको छ. त्यसपछि येशूले पितासँग पवित्र आत्मा पठाउन निवेदन गर्नुभएको थियो. यसरी हाम्रो जीवनमा पवित्र आत्मा आगोको रुपमा आउनुभएर शुद्धिकरणको प्रक्रियाद्वारा हामीलाई पवित्र तुल्याउनु भएको छ.

७. हाम्रो परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ (हिब्रु १२:२९). उहाँले आज्ञा गर्नुभए अनुसार मान्ने हो भने पृथ्वीमा उहाँ अझपनि त्यस्तै हुनुहुनेछ. त्यसपछि पवित्र आत्माको आगोद्वारा हामीलाई खारे पश्चात हामी येशूकै स्वरुपमा हुनेछौं.

८. हामी पवित्र आत्माको आगोद्वारा बप्तिश्मा पाउनु आवश्यक छ र त्यो आगोको लप्कालाई हम्केर प्रज्वलित पार्नुपर्छ. हाम्रो जीवन परमेश्वरमा सुम्पेर मात्र हामीले आगोलाई प्रज्वलित पार्न सक्छौं. यसले हामीलाई परमेश्वरको निम्ति प्रभावकारी र फलदायी तुल्याउनेछ. येशूको निम्ति हामी दाग तथा मुजा नपरेको दुलही हुनेछौं जसलाई भेटन येशू फर्कन चाहनुहुन्छ (प्रकाश १९:७-९; एफिसी ५:२२-३२; कलस्सी १:२१-२३).